## पाठ - 4
## प्रलय र त्यसको चिन्हहरू

## الدرس الرابع - نيبالي
### من علامات قيام الساعة

१ - अल्लाहले यो संसार संधैका लागि बनाएको छैन्, बरु एक दिन संसारको अन्त हुनेछ , र त्यहि दिन कयामत कायम हुन्छ यो एउटा वासतविक कुरो हो जसमा कुनै सन्देह छैन, अल्लाह तआलाले भन्नु भयो: إِنَّ السَّاعَةَ لَآتِيَةٌ لَا رَيْبَ فِيهَا وَلَكِنَّ أَكْثَرَ النَّاسِ لَا يُؤْمِنُونَ
कयामत त आउनेवाला नै छ , यस्मा कुनै शंका छैन, तर अधिक मानिसहरु ईमान ल्याएका छैनन् । र अर्को ठाउँमा भन्नु भयो:
وَقَالَ الَّذِينَ كَفَرُوا لَا تَأْتِينَا السَّاعَةُ قُلْ بَلَى وَرَبِّي لَتَأْتِيَنَّكُمْ عَالِمِ الْغَيْبِ لَا يَعْزُبُ عَنْهُ مِثْقَالُ ذَرَّةٍ فِي السَّمَاوَاتِ وَلَا فِي الْأَرْضِ وَلَا أَصْغَرُ مِنْ ذَلِكَ وَلَا أَكْبَرُ إِلَّا فِي كِتَابٍ مُبِينٍ﴾ [سبأ:٣]
काफिरहरुले भन्दछन् कि कयामतको समय हामीहरु माथि आउदैंन, तपाईले भनिदेऊ कि मलाई मेरो पालनकर्ताको कसम कयामत (महाप्रलय) तिमीहरु माथि अवश्य आउने छ ।
र महाप्रलय नजिकै छ , अल्लाह तआलाले भन्नु भयो اقْتَرَبَتِ السَّاعَةُ कयामत नजिक भइसकेको छ । र अर्को आयतमा भन्नु भयो: اقْتَرَبَ لِلنَّاسِ حِسَابُهُمْ وَهُمْ فِي غَفْلَةٍ مُعْرِضُونَ﴾
मानिसहरुका लेखाजोखाको समय नजिक आइपुगेको छ तैपनि उनीहरु नटेरिकन मुख फर्काइरहेका छन् । तर कयामत नजिक आइपुगने समय मनुष्यको मानदण्ड र कसौटी अनुसार होइन, बरु अल्लाहको ज्ञान, जग र संसारको उमर अनुसार हुन्छ ।
कयामतको ज्ञान गैब अर्थात आन्तरिक ज्ञान मध्ये एउटा ज्ञान हो, जुन् अल्लाह बाहेक अरु कसैलाई थाहा छैन, उहाँ बाहेक अरु कसैलाई यस कुराको ज्ञान छैन, अल्लाह तआलाले भन्नु भयो:
يَسْأَلُكَ النَّاسُ عَنِ السَّاعَةِ قُلْ إِنَّمَا عِلْمُهَا عِنْدَ اللهِ وَمَا يُدْرِيكَ لَعَلَّ السَّاعَةَ تَكُونُ قَرِيبًا﴾ [الأحزاب:٦٣]
मानिसहरुले तपाई सँग कयामतको बारे सोधिरहेका छन् , भनिदिनुस कि त्यसको ज्ञान त मात्र अल्लाहलाई छ, र तपाइलाई के थाहा? शायद कयामत नजिकै आइपुगेको छ ।
रसूल ﷺ ले कयामतको केहि चिन्हहरु बयान गर्नु भएको छ जसले कयामतको नजिक हुने संकेत गराउँछ, र त्यस मध्ये एउटा चिन्ह यो हो कि दज्जाल प्रकट हुन्छ, मानिसहरुका लागि त्यो सबभन्दा ठुलो संकट हुन्छ, अल्लाहले उसलाई चमत्कार देखाउने शक्ति दिएको हुन्छ, र यस कारण धेरै मानिसहरु धोका खाइ हाल्छन, आकाशलाई आदेश दिन्छ भने बर्खा हुन थाल्छ, घाँसलाई हुकुम दिन्छ भने घाँस आफै उगन थाल्छ, मुर्दालाई जिउँदो गर्छ, र यस प्रकार अरु धेरै चमत्कारहरु देखाउँछ ।
रसूल ﷺ ले भन्नु भयो कि ऊ काना हुन्छ अर्थात उसको मात्र एउटै आँखा हुन्छ, स्वर्ग र नर्क जस्तो ठाउँ लिएर आउँछ, र जसलाई स्वर्ग भन्नेछ वास्तवमा त्यो नर्क हुन्छ, र जसलाई नर्क भन्नेछ वास्तवमा त्यो स्वर्ग हुन्छ, धरतिमा ४० दिन सम्म बसने छ, एक दिन एकसाल जस्तो हुन्छ, र अर्को एक दिन एक महिना जस्तो, र अर्को एक दिन एक सपताह जस्तो, र त्यस पछि बाँकि हरेक दिन साधारण दिन जस्तै हुन्छ, र मक्का मदीना बाहेक धर्तिको हरेक ठाउँमा त्यो पुगनेछ ।
महाप्रलयको चिन्हहरु मध्ये यो पनि छ कि हजरत ईसा बिन मरयम عليه السلام फजरको नमाजमा पुरबी दिमशकको सेतो मीनार माथि अवतरित हुनेछन्, र सबै मानिसहरु सँग फजरको नमाज पढ्नेछन्, र त्यस पछि दज्जाललाई चौतारीमा ल्याएर त्यसको हत्या गर्ने छन् ।
त्यस्तै कयामतको चिन्हहरु मध्ये यो पनि छ कि सुर्य पश्चिमबाट उदय हुनेछ, र मानिसहरु जब यस्तो देख्नेछन् त डराएर सबै ईमान ल्याउन थाल्छ तर त्यतिखेर उनीहरुको ईमानको कुनै पनि महत्व हुने छैन, र यस बाहेक कयामतको अरु पनि धेरै चिन्ह र निशानीहरु छन् ।